सूचना एवम् जन सम्पर्क विभागको
वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/2023-2025

वर्ष ५७ | गान्तोक, (मङ्गलवार) १२ मार्च, २०२४ | अङ्क १०

## दैनिक जागरणद्वारा आयोजित कार्यक्रममा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यको उपस्थिति



राजभवन

दिल्ली पब्लिक स्कूल र पारस डेभलपर्सको सहयोगमा दैनिक जागरणद्वारा आयोजित कार्यक्रममा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले गत १० मार्चको दिन आइकन अफ नर्थ बङ्गाल अवार्ड-२०२४ को ५ औँ संस्करण कार्यक्रममा प्रमुख अतिथिको रूपमा उपस्थित दिनुभयो।

भेलालाई सम्बोधन गर्नुहुँदै राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले सेवाको निम्ति समर्पित व्यक्ति र संस्थाहरूलाई सम्मान गर्दै कार्यक्रममा उपस्थित सबैलाई हार्दिक शुभ कामना व्यक्त गर्नुभयो।

रहल पृष्ठ ३ मा..

## नाम्गेल इन्स्टिच्युट अफ तिब्बतविज्ञानका निर्देशक टोलीको राज्यपालसित भेट



राजभवन।

नाम्गेल इन्स्टिच्युट अफ तिब्बतविज्ञानका निर्देशक डा. पासाङ डी फेम्पुले गत ६ मार्चको दिन आफ्ना अधिकारीहरूसँग सिक्किमका राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यसँग राजभवनमा भेट गर्नुभयो।

भेटको क्रममा, निर्देशकले राज्यपाललाई संस्थानको सिंहावलोकन र नामग्याल इन्स्टिच्युट अफ तिब्बत विज्ञानमा नयाँ पहल र कार्यक्रमहरूको परिचय गराउनुभयो। यसका साथै निर्देशकले राज्यपाललाई हिमालयन बुद्ध परम्परा (इतिहास, दर्शन र अभ्यास) सम्बन्धी एकदिवसीय राष्ट्रिय गोष्ठीको उद्घाटनका लागि भारतका विभिन्न क्षेत्रका विद्वानहरूलाई निमन्त्रणा दिनुभयो।

राज्यपालले नयाँ पहल र कार्यक्रमहरूको परिचयको महत्त्वमा जोर दिनुहुँदै उहाँले प्रत्येकको सारलाई हाइलाइट गर्दै विविध परम्पराहरूसँग संलग्न हुन प्रोत्साहित गर्नुभयो। राज्यपालले एकअर्काको परम्पराबाट सिक्नले मैत्रीपूर्ण सम्बन्धलाई बढाउँछ र समझदारीलाई समृद्ध बनाउने बताउनुभयो।

## गेजिङ र याङ्थाङ निर्वाचन क्षेत्रका समुदायलाई अत्यावश्यक सहयोग प्रदान



गेजिङ।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत १० मार्चको दिन गेजिङ बजारमा विभिन्न सार्वजनिक पूर्वाधार आयोजनाको लोकार्पण गर्दै गेजिङ र याङ्थाङ निर्वाचन क्षेत्रका समुदायलाई अत्यावश्यक सहयोग गर्नुभएको छ।

जिल्ला अस्पताल गेजिङमा सिटि स्क्यान सुविधाको भर्चुअल उद्घाटन गर्दै उक्त समारोहको सुरुवातसँगै बासिन्दालाई गुणस्तरीय चिकित्सा सेवा सुनिश्चित गर्ने भएको हो। थप रूपमा, एसटीएनएम अस्पताल, सोचेकगाङ, गान्तोकमा हाम्रो दवाई केन्द्रको भर्चुअल उद्घाटनले पहुँचयोग्य स्वास्थ्य सेवामा सरकारको प्रतिबद्धतालाई पुनः पुष्टि गर्दै खाँचोमा

रहल पृष्ठ ३ मा..

## मुख्यमन्त्रीद्वारा सोरेङ जिल्लाको परेङगाउँमा किरात राई सायाछोङ्मु माङखिमको उद्घाटन



सोरेङ।

सोरेङ जिल्लाको परेङगाउँमा गत ११ मार्चको दिन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, श्रीमती कृष्ण राई किरात राई स्याछोङ्मु माङखिम उद्घाटन समारोहमा सहभागी बन्नुभयो।

कार्यक्रममा विधानसभा उपाध्यक्ष श्री साङ्गे लेप्चा, मन्त्रीमण्डलका मन्त्रीगण, विधायकगण, सल्लाहकारहरू, अध्यक्षहरू, सांसदहरू, मुख्यमन्त्रीका राजनीतिक सचिव, जिल्ला अधिकारीहरू, उप-अध्यक्षहरू, जिल्ला पञ्चायतहरू, पञ्चायत सदस्यहरू, जिल्लापाल सोरेङ, एसपी सोरेङ, विभाग प्रमुखलगायत अन्य गणमान्य व्यक्तित्वको उपस्थिति थियो।

उपस्थित मानुभावलाई सम्बोधन गर्दै मुख्यमन्त्री श्री तामाङले माङ्खिम

रहल पृष्ठ २ मा..

# मुख्यमन्त्रीले गेजिङको सञ्चमान लिम्बू डिग्री कलेजमा अत्याधुनिक अकादमी ब्लक 'ज्ञान कुञ्ज' को उद्घाटन

गेजिङ।

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले गत १० मार्चको दिन गेजिङको सञ्चमान लिम्बू डिग्री कलेज (एसएमएलजीडीसी) मा प्रभावशाली एकेडेमिक ब्लक 'ज्ञान कुञ्ज' को उद्घाटन गरेर शैक्षिक पूर्वाधारमा नयाँ अध्यायको अनावरण गर्नुभयो।

सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री श्री पिएस तामाङल गेजिङस्थित सञ्चमान लिम्बू सरकारी डिग्री कलेजको उद्घाटन समारोहमा खुशी व्यक्त गर्नुभयो। शिक्षाको विकास र सिक्किमका युवाहरूलाई सशक्तिकरण गर्न सरकारको अटल प्रतिबद्धतालाई जोर दिंदै मुख्यमन्त्री श्री तामाङले तीन वर्षको अवधिमा यस परिवर्तनकारी परियोजनालाई साकार पार्न सबै सरोकारवालाहरूको सहयोगी प्रयासको प्रशंसा गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले यस क्षेत्रको शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न महत्वपूर्ण घोषणा गर्नुभयो। संस्थाको नाम परिवर्तन गरी सञ्चमान लिम्बू सरकारी डिग्री कलेज 'अरिगाँउ, गेजिङ' राख्ने र आगमी शैक्षिक सत्रबाट 'विज्ञान प्रवाह' र 'शारीरिक शिक्षामा स्नातक तह' सञ्चालन गर्ने घोषणाहरू समावेश छन्। साथै उहाँले चार वर्षे नियमित गर्ने व्यवस्था अन्तर्गत लेफ्ट आउट प्राध्यापकहरुलाई नियमित गर्ने आश्वासन दिनुभयो।

मुख्यमन्त्री तामाङले शिक्षण संकाय र विद्यार्थी दुवैका लागि एक्सपोजर ट्रिपको महत्त्वलाई उजागर गर्दै शिक्षण संकाय (राष्ट्रिय पुरस्कार विजेता)का लागि अन्तर्राष्ट्रिय भ्रमण र भारत भित्रका विद्यार्थीका लागि आन्तरिक भ्रमणको योजना घोषणा गर्नुभयो। उहाँले उच्च शिक्षाका लागि प्रथम श्रेणीको पूर्वाधार उपलब्ध गराउने सरकारको प्रतिबद्धतालाई जोर दिनुभयो। उक्त पूर्वाधार ९९ करोड ५३ लाखको लागतमा निर्माण सम्पन्न भएको उहाँले जानकारी दिनुभयो।

मुख्यमन्त्री तामाङले आधिकारिक रूपमा कलेजको पूर्वाधार कलेज समुदाय र सिक्किमका जनतालाई हस्तान्तरण गर्नुहुँदै, उनीहरूलाई स्वामित्व लिन र यसको जिम्मेवार हेरचाह सुनिश्चित गर्न आग्रह गर्नुभयो।

कुल १५४५०१.१३ वर्ग फिट क्षेत्रफलमा फैलिएको नयाँ उद्घाटन भवनले कलेजको विकासमा एउटा महत्वपूर्ण कोसेढुङ्गाको रूपमा रहेको छ। यसले ३६ वटा फराकिलो कक्षाकोठाहरू समेटेको छ, जुन आधुनिक सुविधाहरूले भरिपूर्ण सिकाइ वातावरणलाई सहज बनाउनका लागि सुसज्जित छ। अकादमिक ठाउँहरू पूरक १२ अत्याधुनिक प्रयोगशालाहरू छन्, विभिन्न विषयहरूमा विद्यार्थीहरूका लागि नवाचार र ह्यान्ड्स-अन सिकाइ अनुभवहरूलाई बढावा दिन डिजाइन गरिएको छ।

## मुख्यमन्त्रीद्वारा सोरेङ.....

निर्माणको व्यवस्थापन गरेकोमा परेङ गाउँवासीप्रति हार्दिक कृतज्ञता र प्रशंसा व्यक्त गर्नुभयो। उहाँले सम्पूर्ण किरात राई समुदायका लागि सम्पदा हुने आयोजना सफलतापूर्वक सम्पन्न भएकोमा सरोकारवालाहरुलाई बधाई दिनुभयो। यसका साथै उहाँले पर्यटन तथा नागरिक उड्डयन विभागअन्तर्गत निर्माण हुन लागेको आयोजनाका कारण परिदृश्यमा आएको परिवर्तनप्रति आश्चर्य व्यक्त गर्नुभयो। उहाँले आयोजनाको सांस्कृतिक र परम्परागत पक्षको मर्मत सम्भारमा अन्तरदृष्टि प्रदान गर्दै मङ्गपा, ज्येष्ठ नागरिक र समुदायका बुद्धिजीवीहरूले प्रदान गरेको सामुदायिक सहभागिता र अन्तरदृष्टिलाई पनि स्वीकार गर्नुभयो।

यसका साथै उहाँले परेङगाउँमा राई भाषाको पहिलो विद्यालय स्थापना भएको जानकारी दिनुहुँदै अनुसन्धान केन्द्र, सङ्ग्रहालय, मनोकामना केन्द्र, बहुउद्देश्यीय भवन, पार्किङ स्थललगायत २२ करोडको अनुमानित लागतमा विभिन्न विकास निर्माणका आयोजना स्वीकृत भएको जानकारी दिनुभयो। आयोजनाहरू प्रकाश पार्दै उहाँले आवश्यक परे थप बजेट स्वीकृत गर्ने इच्छा व्यक्त गर्नुभयो।

विश्वव्यापी महामारीको समयमा राज्य सरकारले गरेका विभिन्न कार्यहरू प्रकाश पार्नुहुँदै उहाँले धेरै वर्षदेखि विभिन्न समस्याका कारण अलपत्र परेका कतिपय आयोजना राज्य सरकारले पूरा गरिसकेका वा पूरा हुने चरणमा रहेको बताउनुभयो। उहाँले भाषा संरक्षणका लागि सरकारी विद्यालयमा भाषा शिक्षकको अभाव पूरा गर्ने आश्वासन दिनुभयो। जनताको हितका लागि विभिन्न योजनाहरु सञ्चालनमा रहेको समेत जानकारी दिनुहुँदै राज्य सरकारको वर्तमान नीतिबाट जनताले निरन्तर लाभान्वित हुने विश्वास दिलाउनुभयो।

मुख्यमन्त्रीका राजनीतिक सचिव श्री जेकब खालिङले आफ्नो सम्बोधनमा राज्य सरकारले किरात राई समुदायको सर्वाङ्गीण विकास गरेको र विभिन्न समुदायको भाषा र संस्कृतिको संरक्षणमा सुरुदेखि नै सहयोग गर्दै आएको बताउनुभयो। यसका साथै उहाँले किरात राई समुदायलाई फाइदा पुग्ने केही आगामी आयोजनाहरुको बारेमा पनि प्रकाश पार्नुभयो।

कार्यक्रममा मुख्यमन्त्रीलाई जनताप्रति निस्वार्थ सेवा गरेको भन्दै विभिन्न समूहले

रहल पृष्ठ ३ मा..

# सिक्किम विधानसभा दसौँ विधानसभाको सातौँ सत्र (भाग चार) अड्क-९ को रहल

गान्तोक।

२ मार्च। सिक्किम विधानसभा दसौँ विधानसभाको सातौँ सत्र (भाग चार) -को दोस्रो दिन वित्तीय वर्ष २०२४-२५ को निम्ति लेखानुदान पारित भयो, जसलाई मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले, जो वित्त विभागका प्रभारी मन्त्री पनि हुनुहुन्छ, १ मार्चको दिन प्रस्तुत गर्नुभएको थियो।

सिक्किम विधानसभाले अप्रेलदेखि सितम्बर २०२४ सम्म ६ महिनाको लागि राज्य सरकारको खर्चलाई पूरा गर्नका लागि ६०७३२५.५२ लाख रुपियाँको राशिको निम्ति लेखानुदान पारित गऱ्यो, जसमा राजस्व खातामा ४८०२९०.३५ लाख रुपियाँ अनि पुँजी खातामा १२७०३५.१७ लाख रुपियाँ सामेल थियो।

सत्रको वित्तीय व्यवसायको अवधिमा सदनले वित्तीय वर्ष २०२४-२५ को निम्ति लेखानुदानका लागि सिक्किम विनियोग (लेखानुदान) विधेयक, २०२४ (२०२४ को बिल सङ्ख्या १४) पनि पारित गऱ्यो, जसलाई मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ, जो वित्त विभागका प्रभारीमन्त्री पनि हुनुहुन्छ, उहाँले प्रस्तुत गर्नुभएको थियो।

सिक्किम विनियोग (लेखानुदान) विधेयक, २०२४ (२०२४ को बिल सङ्ख्या १४) भारतको संविधानकोअनुच्छेद २०६ सित पढ़िने अनुच्छेद २०४ को खण्ड (१) को अनुसरणमा प्रस्तुत गरिएको छ, जसमा सिक्किम राज्यको सञ्चित निधि (कन्सोलिडेटेड फण्ड) माथि लगाइएको व्ययलाई पूरा गर्नका लागि आवश्यक धन राशिको प्रावधान गरिनेछ अनि वित्तीय वर्ष २०२४-२५ को भागको निम्ति सिक्किम सरकारको व्ययकालागि सिक्किम विधानसभाद्वारा अग्रिम अनुदान दिइएको छ।

विधानसभा कार्यकोअवधिमा, सदनले दुईवटा विश्वविद्यालय विधेयक पनि पारित गऱ्यो, अर्थात् सिक्किम पन्नाधाय विश्वविद्यालय विधेयक, २०२४ (२०२४ को बिल सङ्ख्या १५) अनि निर्मला देवी विश्वविद्यालय विधेयक, २०२४ (२०२४ को बिल सङ्ख्या १६), जुन शिक्षा विभागका प्रभारी मन्त्री श्री कुङ्गानिमा लेप्चाद्वारा सदनमा प्रस्तुत गरिएको थियो।

यसपछि मुख्यमन्त्रीले वित्त विभागका प्रभारी मन्त्रीका रूपमा सितम्बर, २०२३ को अवधिमा समाप्त हुने अर्धवार्षिक समीक्षा रिपोर्ट २०२३-२०२४ प्रस्तुत गर्नुभयो।

उहाँले निम्नलिखित रिपोर्टहरू पनि प्रस्तुत गर्नुभयो, जुन यस प्रकार छन्;

(१) विनियोग खाता२०२२-२०२३

(२) २०२२-२०२३ को वित्त लेखा खण्ड १ अनि २।

(३) ३१ मार्च २०२० को समाप्त वर्ष अनि ३१ मार्च २०२१ को समाप्त वर्षको निम्ति सिक्किम राज्य विद्युत नियामक आयोगका खाताहरूमाथि अलग लेखापरीक्षा रिपोर्ट

(४)३१ मार्च २०२१ को समाप्त वर्षको निम्ति सिक्किम औद्योगिक विकास अनि निवेश निगम लिमिटेडको अलग अडिट रिपोर्ट अनि वार्षिक खाता

(५) ३१ मार्च २०२० को समाप्त वर्ष अनि ३१ मार्च २०२१ को समाप्त वर्षको निम्ति सिक्किम राज्य बाल अधिकार संरक्षण आयोगको खातामा अलग अडिट रिपोर्ट

(६) ३१ मार्च २०२० को समाप्त वर्ष अनि ३१ मार्च २०२१ को समाप्त वर्षको निम्ति सिक्किमको राज्य व्यापार निगमका खाताहरूमाथि अलग लेखापरीक्षा रिपोर्ट

(७) ३१ मार्च २०१९ को समाप्त वर्ष अनि ३१ मार्च २०२० को समाप्त वर्षको निम्ति सिक्किम राज्य कानूनी सेवा प्राधिकरण-कानूनी सहायता कोषका खाताहरूमाथि अलग अडिट रिपोर्ट

यसपछि, विधानसभा अध्यक्ष श्री अरुणकुमार उप्रेतीले सरकारी विभागहरू, अर्थात् वन एवम् पर्यावरण विभागको २०२०-२०२१ र २०२१-२०२२, अनि भवन एवं आवास विभागको२०२२-२०२३ को वार्षिक रिपोर्टको प्रस्तुतिको घोषणा गर्नुभयो।

आफ्नो समापन भाषणमा, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले विधायक श्री डी.आर. थापाको सिक्किम ऊर्जा लिमिटेडको विनिवेशको सम्बन्धमा पारदर्शिताको प्रश्नलाई सम्बोधित गर्नुभयो। मुख्यमन्त्रीले जवाबदेहीप्रति सरकारको प्रतिबद्धतामाथि जोर दिनुभयो अनि शुरुगरिएका प्रक्रियाहरूलाई पारदर्शी तरिकाले सम्प्रेषित गरिने कुराको आश्वासन दिनुभयो।

गत अक्टोबरमा आएको बाढको कारणले निष्क्रिय बनेको बाँधको आर्थिक प्रभाव र परिचालनका चुनौतीहरूलाई सामना गर्ने उद्देश्यले चुङथाङस्थित १२०० मेगावाट मेगा जल विद्युतपरियोजना ग्रीनको एनर्जीलाई बेच्ने निर्णय सावधानीपूर्वक विचार-विमर्शका साथ गरिएको मुख्यमन्त्रीले बताउनुभयो। उहाँले यस्तो निर्णय लिने समय जनहितलाई ध्यानमा राख्ने सरकारको दायित्वलाई दोहोऱ्याउनुभयो।

मुख्यमन्त्रीले समस्त सत्रकोअवधिमा सिक्किम विधानसभा अध्यक्ष अनि सबै सदस्यहरूको समर्पण अनि प्रतिबद्धताको निम्ति उहाँहरूको आभार व्यक्त गर्नुभयो। उहाँले रचनात्मक बहस, चर्चा अनि विचार-विमर्श भएको स्वीकार गर्नुभयो अनि राज्यसमक्ष आउने विभिन्न चुनौतीहरूको समाधानमा सहयोगात्मक प्रयासहरूको महत्वमाथि जोर दिनुभयो।

यसका अतिरिक्त, मुख्यमन्त्रीले विधानसभाको कार्यवाहीको सुचारू सञ्चालनलाई सुनिश्चित गर्नमा अथक प्रयासहरूको निम्ति विधानसभा कर्मचारीहरू, सुरक्षाकर्मीहरू अनि अन्य अधिकारीहरूको प्रशंसा गर्नुभयो। उहाँले कार्यवाहीको व्यापक कवरेज अनि प्रसारको निम्ति प्रेस अनि मीडियाकर्मीहरूलाई पनि धन्यवाद दिनुभयो।

उहाँले इमानदारी, पारदर्शिता अनि जवाबदेहीका साथ सिक्किमका मानिसहरूको सेवा गर्ने सरकारको अटूट प्रतिबद्धतालाई दोहोऱ्याउनुभयो। उहाँले सदनका सबै सदस्यहरूसित राज्य अनि नागरिकहरूको हितको निम्ति अथक प्रयास जारी राख्ने आग्रह गर्नुभयो। विधानसभा अध्यक्ष श्री अरुणकुमार उप्रेतीले आफ्नो समापन टिप्पणीमा, सत्रको विधायी एजेण्डामाथि विचार गर्नुभयो अनि सिक्किमको प्रगति र समृद्धिमा सामूहिक प्रभावको पुष्टि गर्दै चर्चा अनि पारित गरिएका विधेयकहरू, प्रस्तावहरू अनि नीतिहरूको महत्वमाथि जोर दिनुभयो।

विधानसभाका सदस्यगण श्री डी.आर. थापा, श्री एन.के. सुब्बा, श्री पिञ्छो नामग्याल लेप्चा, श्री वाई.टी. लेप्चा, श्री टी.टी.भोटिया, श्रीमती राजकुमारी थापा, श्री सोनाम टी.भेनचुङपा, श्रीमती फरवन्ती तामाङ अनि श्री कर्मा सोनाम लेप्चाले पनि आफ्ना धन्यवाद ज्ञापन प्रस्तुत गर्नुभयो।

यसअघि सत्रको शुरुआतमा विधानसभा अध्यक्षले पूर्व विधानसभा अध्यक्ष श्री के.एन. राईमाथि गत १ मार्चको दिन मल्लीमा भएको हिंसक हमलाको कड़ाभर्त्सना गर्नुभयो। उहाँले यस दुर्भाग्यपूर्ण घटनामाथि सम्पूर्ण सिक्किमविधानसभाको तर्फबाट सामूहिक दु:ख व्यक्त गर्नुभयो अनि यस जघन्य कृत्यका अपराधीहरूलाई कानूनको घेरोमा ल्याउन पनि बताउनुभयो।

अध्यक्षका भावनालाई दोहोऱ्याउँदै, मुख्यमन्त्रीले पनि यस घटनाको भर्त्सना गर्नुभयो अनि अपराधीहरूले कानूनको सामना गर्नुपर्ने बताउनुभयो। उहाँले हमलाको मामिलामा अहिलेसम्म ६ व्यक्तिहरूलाई पक्राउ गरिसकिएको सदनलाई बताउनुभयो। मुख्यमन्त्रीले पूर्व अध्यक्षको शीघ्र स्वस्थ लाभको निम्ति आफ्नो शुभ कामना अनि प्रार्थना व्यक्त गर्नुभयो। भर्त्सना गर्नमा एकजुटता देखाउँदै सदनका सदस्यहरूले पनि राज्यभित्र एकता अनि शान्तिको आवश्यकतालाई दोहोऱ्याउँदै हमलामाथि आफ्ना निराशाहरू व्यक्त गर्नुभयो।

यसपछि विधानसभा अध्यक्षले सदनलाई अनिश्चित कालको निम्ति स्थगित गर्ने घोषणा गर्नुभयो।

# नाम्चेबुङमा ध्यान केन्द्र एवम् मानव धर्म मन्दिरको उद्घाटन



पाकिम।
५ मार्च मानव धर्मका प्रेणता सतपाल महराजले सिक्किमको विकासको निम्ति मुख्यमन्त्री पीएस गोलेको हात बलियो बनाउन आह्वान गर्नुभयो। सतपाल महाराजद्वारा पाकिम जिल्लाको नाम्चेबिङ निर्वाचन क्षेत्र अन्तर्गत नाम्चेबुङ निर्वाचित ध्यान केन्द्र एवम् मानव धर्म मन्दिरको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुभयो। १.०२४ हेक्टर जमिनका निर्मित यस मन्दिरको उद्घाटन मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको बाहुलीद्वारा गरियो।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सतपाल जीले मुख्यमन्त्रीलाई विकास पुरूषको संज्ञा दिनुभयो। मुख्यमन्त्रीले यो मन्दिर निर्माण गर्ने बचन दिएको र उहाँले आफ्नो बचन पूरा गरेको सतपाल महाराजले बताउनुभयो। उहाँले आफ्नो सम्बोधनको क्रममा सिक्किम सरकारले सुरु गरेका विभिन्न जन कल्याणकारी योजना र कार्यक्रममाथि प्रकाश पार्नुभयो। यस, क्रममा उहाँले मेरो रूख मेरो सन्तति कार्यक्रमलाई विश्वस्तरमा मान्यता पाएको पनि उल्लेख गर्नुभयो।

उहाँले सिक्किमको विकासको निम्ति मुख्यमन्त्रीको हात बलियो बनाउनुपर्ने बताउनुभयो।

मुख्यमन्त्रीलाई सबैले आशीर्वाद दिने र मुख्यमन्त्रीले पनि राम्रा कामहरू गर्ने सतपाल महाराजले विश्वास व्यक्त गर्नुभयो। यसरी नै उहाँले मानव उत्थान सेवा समितिले आगामी दिनमा पनि सरकारबाट सहयोग प्राप्त गरिरहने आशा व्यक्त गर्नुभयो। उहाले भारत अहिले अमृतकालमा रहेको जनाउँदै देशका प्रधानमन्त्री नरेन्द्र मोदीको अगुवाइमा भइरहेका कार्यक्रमहरूको सराहना गर्नुभयो।

उहाँले अयोध्यामा राम मन्दिर निर्माणको निम्ति विगत ५०० वर्षदेखि प्रतीक्षा चलि रहेको थियो भने अहिले राम मन्दिर निर्माण कार्य पूरा भएको छ भन्नुभयो। उहाँले यी केन्द्रहरू ज्ञानको प्रसारण गर्ने ठाउँ हुन् भन्दै जहाँबाट समाजलाई सही मार्गदर्शन प्राप्त हुने बताउनुभयो।

## गेजिङ र याङ्थाङ निर्वाचन.....

परेकाहरूलाई निःशुल्क औषधि उपलब्ध गराउने वाचा गरेको छ।
मुख्यमन्त्री श्री तामाङले मुख्यमन्त्री राहत कोष अन्तर्गतका १२ लाभार्थीसहित मुख्यमन्त्री विवेक कोष अन्तर्गत १४ संस्था तथा व्यक्तिलाई आर्थिक सहायता वितरण गर्नुएको छ। यसबाहेक, सीमान्तकृत समुदायको उत्थान र दिगो विकासलाई सहजीकरण गर्ने सरकारको समर्पणलाई प्रदर्शन गर्दै श्रम विभाग अन्तर्गत चार दर्ता भएका पीडब्लुडी कामदारहरूलाई ब्याजरहित ऋण उपलब्ध गराइएको थियो।
मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई उहाँको अनुकरणीय नेतृत्व र समुदाय र क्षेत्रको लागि अटल सहयोगको कदर गर्दै पेमायाङ्से गुम्बाका पूज्य भिक्षुहरूद्वारा सम्मान गरियो।
नागरिकलाई सम्बोधन गर्दै मुख्यमन्त्री तामाङले सार्वजनिक पूर्वाधार आयोजनाको जिम्मेवारी सम्हाल्ने महत्व दोहोऱ्याउनु हुँदै दीर्घकालीन फाइदा लिन जनतालाई सक्रिय रुपमा स्वामित्व लिन आग्रह गर्नुभयो। उहाँले अत्यावश्यक सुविधाको स्थापना, अस्थायी कर्मचारीलाई नियमित गर्ने, सार्वजनिक पूर्वाधारको चौतर्फी सुधारलगायतका विगत पाँच वर्षमा सरकारले गरेका उपलब्धिहरू प्रकाश पार्नुभयो।

कार्यक्रममा बजार क्षेत्रको बिचमा पार्किङ प्लाजा र टाउन हल निर्माणको मुख्य घोषणा गर्दै राज्य सरकारले योजनाबद्ध आयोजनालाई यथाशीघ्र पूरा गर्न पहल गरिरहेको जानकारी दिनुभयो। मुख्यमन्त्रीले शहरी तथा आवास विकास विभाग र पेमायाग्त्से गुम्बाबीच समझदारी पत्रमा हस्ताक्षर भएको दोहोर्या उनुभयो। यो सम्झौतामा गुम्बा नजिकैको राज्य सरकारको स्वामित्वमा रहेको ग्याल्सिङ बजारको तोकिएको क्षेत्रको आदानप्रदान समावेश छ। साथै, उहाँले मानेबोङ–देन्ताम निर्वाचन क्षेत्र अन्तर्गतको सिंगशोर ब्रिजलाई ९९ प्रतिशत आवश्यक प्रक्रिया पूरा गरी उच्चस्तरको सिसाको पुलमा परिणत भएको जानकारी दिनुभयो। यो परियोजनाले यस क्षेत्रको आर्थिक विकासमा थप योगदान पुऱ्याउँदै यस क्षेत्रको पर्यटन सम्भावनालाई उल्लेख्य रूपमा वृद्धि गर्न तयार छ। मुख्यमन्त्री श्री तामाङले यस क्षेत्रको विकास र समृद्धिमा यी परिवर्तनकारी पहलहरूले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले साझा दायित्वको महत्वलाई जोर दिंदै समुदायको विकासलाई दिगो बनाउन सामूहिक रूपमा योगदान गर्न नागरिकलाई आग्रह गर्नुभयो।

यसअघि मुख्यमन्त्रीले नजिकै रहेको ग्याल्सिङ माने लाखाङ पुगेर पूजाअर्चना गर्नुका साथै गुम्बा परिसरमा विकसित वेलनेस पार्कको उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा मन्त्रीगण, विधायकगण, मुख्यमन्त्रीका राजनीतिक सचिव, सल्लाहकारहरू, अध्यक्षहरू, कर्मचारीहरू, जिल्ला अधिकारीहरू लगायत सर्वसाधारणको उपस्थिति रहेको थियो।
अतिरिक्त जिल्लापाल ग्याल्सिङ श्री खेमराज भट्टराईद्वारा धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन भएको थियो।

## दैनिक जागरणद्वारा आयोजित......

समाजले त्यसको लागि जिउने व्यक्तिको रूपमा सम्झिनेहरूको महत्त्वलाई उहाँले जोर दिनुभयो। समानान्तर चित्रण गर्दै, उहाँले दैनिक जागरणका संस्थापक सदस्यहरूलाई उद्धृत गर्नुभयो। जसले भारत स्वतन्त्रताको लागि संघर्ष गरिरहेको अवधिमा अखबार स्थापना गरे, भारतको स्वतन्त्रता संग्राममा मिडियाले खेलेको ऐतिहासिक भूमिकालाई प्रकाश पार्नुहुँदै राज्यपाल श्री आचार्यले भारतीय संस्कृतिको संरक्षणको लागि आधारशिलाको रूपमा सामाजिक कार्यको महत्त्वलाई जोर दिनुभयो। उहाँले समाजलाई आकार दिन र फलस्वरूप बलियो राष्ट्र निर्माणमा मिडियाको महत्वपूर्ण योगदानमा विशेष जोर दिएर त्यस्ता प्रयासहरूले बलियो राष्ट्रको जगमा कसरी योगदान पुर्यासउँछ भन्ने कुरा प्रकाश पार्नुभयो।
राज्यपालले १०४ वर्षको उल्लेखनीय उमेरमा पुगेकी पद्मश्री मंगला रोयलाई उत्तर बङ्ग गौरव सम्मान र पद्मश्री जोर्डन लेप्चालाई सिक्किम गौरव सम्मान प्रदान गर्नुभयो। यसका साथसाथै, कार्यक्रममा १७ योग्य व्यक्ति र संस्थाहरूलाई आइकन अफ नर्थ बङ्गाल अवार्डहरू प्रदान गरिएको थियो। यसबाहेक, राज्यपालले १५ उत्कृष्ट संस्थाहरूलाई संस्था सामना पुरस्कारबाट सम्मानित गर्नुभयो।

# मुख्यमन्त्रीद्वारा २६ सिटर ट्वीन इन्जिन एमआई १७२ हेलिकप्टर अनावरण

गान्तोक।
पर्यटन तथा नागरिक उड्डयन विभागले गत ०६ मार्चको दिन बुर्तुक हेलिपेडमा हेलिकप्टरको पहिलो अवतरण र व्यावसायिक सञ्चालनको शुभारम्भको लागि प्रवेश पूजा आयोजना भएको छ।
राज्यका मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले २६ सिट क्षमताको ट्वीन इन्जिन एमआई १७२ हेलिकप्टरको औपचारिक उद्घाटन गर्नुभयो।
कार्यक्रमले २६ सिट ट्वीन इन्जिन एआई १७२ हेलिकप्टरको उद्घाटन ल्यान्डिङ र व्यावसायिक सञ्चालनको सुरुवात भएको छ।

एमआई–१७२ हेलिकप्टर, रूस मा निर्मित एक उच्च अनुकूलन मध्यम–लिफ्ट ट्विन–इन्जिन विमान, विभिन्न कार्यहरू गर्न सक्षम छ। आरामदायी सिट कन्फिगरेसनको साथ, यसले समग्रमा २६ यात्रुहरूलाई समायोजन गर्न सक्छ।

यसबाहेक, यो हेलिकप्टर हाम्रो देशको उ पहाडी भेगको निम्ति स्पष्ट रूपमा डिजाइन गरिएको छ, यात्रुहरूको एक महत्वपूर्ण संख्यालाई विश्वको कुनै पनि हेलिकप्टरले पहुँच गर्न नसक्ने उचाइहरूमा ढुवानी गर्न सक्षम छ।

साथै उच्च अदालत सिक्किमका मुख्य न्यायाधीश विश्वनाथ सोमद्दर, पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री श्री बीएस पन्त, तादोङ क्षेत्रका विधायक श्री जीटी ढुङ्गेल, गान्तोकका विधायक श्री वाईटी लेप्चा, मुख्य सचिव श्री विबी पाठक, गान्तोकका मेयर श्री नीलबहादुर छेत्री, अध्यक्ष, एसटीडीसी श्री लुकेन्द्र रसाइली, डीजीपी श्री एके सिंह, एमआर आर तेलंग, अतिरिक्त मुख्य सचिव, श्री सीएस राव, अतिरिक्त मुख्य सचिव, पर्यटन तथा नागरिक उड्डयन विभाग, श्री प्रकाश छेत्री, पर्यटन तथा नागरिक उड्डयन विभागका सचिव श्री तुषार निखारे, जिल्लापाल श्री नीरज प्रधान, प्रमुख इन्जिनियर तथा विभागका अधिकारीहरूको उपस्थिति थियो।

# ८८औँ त्रिमूर्ति शिव जयन्ती महोत्सवमा मुख्यमन्त्रीको सहभागिता

गान्तोक।
महाशिवरात्रि तथा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा गत ८ मार्चको दिन ब्रह्मा कुमारीहरूले आयोजना गरेको ८८औँ त्रिमूर्ति शिवजयन्ती महोत्सवमा श्रीमती कृष्ण राई र गुरु देवदूत गुरु हजुरको साथमा मुख्यमन्त्री प्रेमसिंह तामाङ सहभागी हुनुभयो।
अन्तर्राष्ट्रिय महिला दिवसको शुभ कामना व्यक्त गर्नुहुँदै, मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले ब्रह्माकुमारीहरूलाई सरल तर शान्तिमय जीवन अनि सामाजिक योगदानको लागि प्रशंसा गर्नुभयो, जसको सिक्किमले पनि प्रशंसा गर्दछ। उहाँले आन्तरिक शान्ति र खुशीको सन्देश फैलाउनको लागि उनीहरूको प्रयासको प्रशंसा गर्नुहुँदै, नकारात्मक विचार र भयवहरूबाट बाँच्न जीवन र मृत्युको सत्यतालाई स्वीकार गर्ने महत्त्वमा जोर दिनुभयो। उहाँले अहंकार, लोभ, ईर्ष्या जस्ता नकारात्मक भावनालाई त्यागेर काममा दौडनुभन्दा समयमै सेवाको वकालत गर्दै मानव सेवा गर्न आग्रह गर्नुभयो।

समारोहमा विधायक श्री सोनम भेनचुङ्पा, अध्यक्ष, उपमेयर महोदया छिरिङ पाल्देन, काउन्सिलरहरू, पूर्व मन्त्री तथा विधायकहरू, विशिष्ट व्यक्तिहरू, अतिथिहरू, विद्यार्थीहरू र भक्तजनहरूको उपस्थिति थियो।

## मुख्यमन्त्रीद्वारा सोरेङ....

सम्मान समेत गरेका थिए।
यस अवसरमा, पर्यटन र नागरिक उड्डयन विभाग अन्तर्गत मेगा होम स्टे प्रोजेक्ट इन सिक्किम योजना अन्तर्गत होम स्टे आवंटन आदेशहरू लाभार्थीहरूलाई वितरण गरिएको थियो। यसका साथै मुख्यमन्त्रीले आ–आफ्नो क्षेत्रमा व्यावसाय प्रवद्र्धन गर्न इच्छुक व्यक्तित्वहरुलाई आर्थिक सहयोग समेत गर्नुभयो।

अन्तमा मुख्यमन्त्रीको हातबाट जग्गा दाताहरुलाई कदर पत्रले सम्मान गरियो। त्यसैगरी, डीके राईद्वारा लिखित 'त्रिभाषिक लेक्सिकल भर्ब डिक्शनरी' नामक पुस्तकको पनि विमोचन गरियो।

# अनुसूचित जाति सांस्कृतिक सङ्घर्ष महोत्सवमा मुख्यमन्त्रीको उपस्थिति

पाकिम।

मुख्यमन्त्री प्रेमसिंह तामाङले गत ६ मार्चको दिन, रानीपुलस्थित सरमसा गार्डनमा आयोजित अनुसूचित जाति सांस्कृतिक सङ्घर्ष महोत्सवको दोस्रो दिनमा उपस्थिति दिनुभयो।

उहाँको साथमा श्रीमती कृष्ण राईको पनि प्रमुख अतिथिका रूपमा उपस्थिति थियो।

अखिल सिक्किम अनुसूचित जाति कल्याण संघद्वारा आयोजित कार्यक्रममा यसको समृद्ध परम्पराको संरक्षणमा समुदायलाई प्रदर्शन, प्रवर्द्धन र एकताबद्ध गर्ने लक्ष्य राखिएको छ।

मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा सांस्कृतिक सङ्घर्ष महोत्सवको उद्देश्य समृद्ध संस्कृति र परम्पराको संरक्षण र प्रदर्शनी गर्ने समुदायद्वारा संचालित प्रयास भएको बताउनुभयो। उहाँले अनुसुचित जाति समुदायलाई व्यक्तिगत सांस्कृतिक र जातीय विभेदलाई पार गर्न प्रोत्साहित गर्नुभयो। थप रूपमा, उहाँले साझा सिक्किमेली पहिचानको प्रवर्द्धन गरेर, उनीहरूको सांस्कृतिक पृष्ठभूमिको बावजूद, नागरिकहरू बीच एकता निर्माण गर्न, राज्य भित्र विभिन्न समुदायहरू बीचको सामूहिक भावना र एकताको महत्त्वमा जोर दिनुभयो। एकता जसले राज्यको समग्र विकास र सद्भावमा योगदान पुर्‍याउँछ। साथै, उहाँले समुदायलाई कुनै पनि कथित कमजोरीबाट माथि उठेर राज्यको विकासमा अन्य समुदायसँगै अनुसुचित जातिको महत्वपूर्ण योगदानलाई मान्यता दिन आग्रह गर्नुभयो।

उहाँले यस दिनको ऐतिहासिक महत्वको प्रशंसा गर्दै यस महत्वपूर्ण अवसरलाई मनाउन र यस समुदायका उपलब्धिहरूलाई स्वीकार गर्दा उनीहरूलाई सशक्त बनाउने र भावी पुस्ताका लागि प्रेरणाको ज्योति बन्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले समुदायलाई विभिन्न क्षेत्रमा उपलब्धिको लागि शुभ कामना व्यक्त गर्दै सरकारको निरन्तर सहयोगको आश्वासन पनि दिनुभयो। उहाँले समानता र एकताको भावनालाई सदैव समानता राख्नुपर्नेमा जोर दिंदै समानता र एकताको भावना जगाउन आग्रह गर्नुभयो।

मुख्यमन्त्रीले सामुदायिक कल्याण र सांस्कृतिक संरक्षणको लागि राज्य सरकारको पहललाई जोर दिनुभयो। गेजिङ-बर्मेक निर्वाचन क्षेत्र भित्र १५ औँ माइल, बर्मेक बजारमा नौमती सांस्कृतिक धरोहर केन्द्र जस्ता परियोजनाहरूद्वारा सांस्कृतिक सम्पदा केन्द्रको रूपमा सक्रिय रूपमा प्रचार गरिएको छ। थप रूपमा, मुख्यमन्त्रीले मुख्यमन्त्री विवेकाधीन अनुदान (सीएमडीजी) को एक भागको रूपमा पहल घोषणा गर्नुभयो। सरकारले समुदायका २० असाधारण विद्यार्थीहरूलाई थप अध्ययनको लागि वार्षिक रूपमा कोष उपलब्ध गराउनेछ।

कार्यक्रम अघि मुख्यमन्त्रीले अनुसूचित जातिको कामी, दामी र सार्कीको प्रतिनिधित्व गर्ने स्टलहरूको पनि भ्रमण गर्नुभयो। जहाँ उनीहरूले समुदायको समृद्ध सांस्कृतिक सम्पदा र परम्परालाई भव्य रूपमा प्रदर्शन रहेको थियो।

साथै, कार्यक्रममा निम्न व्यक्तित्वलाई अभिनन्दन गरियो।

# महिला दिवस

कुनैपनि समाजको उन्नति त्यस समाजका नारीरूको उन्नतिबाट माप्न सकिन्छ, यो महान भनाइ हो-डा.बी.आर. अम्बेडकरको। 'नारी' यो कुनै समान्य शब्द होइन, तर एउटा यस्तो सम्मान हो, जसलाई देवत्व प्राप्त छ। नारीहरूको स्थान वैदिक कालदेखि नै देव तुल्य छ, यसकारण नारीहरूको तुलना देवी देवता अनि भगवानसित गर्ने गरिइन्छ। जब पनि घरमा छोरीको जन्म हुन्छ, तब यही भन्ने गरिन्छ कि घरमा लक्ष्मी आएकी छ। जब घरमा नवविवाहित बुहारी आउछे, तब पनि उसको तुलना लक्ष्मीको आगमनसित गरिइन्छ। के तपाईंले कहिले सुन्नुभएको छ जब छोराको जन्म हुँदा यस्तो तुलना गरिएको छ कि घरमा कुबेर आएको छवा विष्णुको जन्म भएको छ/ छैन, यो सम्मान केवल नारीलाई प्राप्त छ, जुन वेदौं-पुराणौंदेखि चल्दै आइरहेको छ।

वास्तवमा भन्नु हो भने आजको समाजले नारीलाई त्यो सम्मान दिनको छैन, जुन जन्म-जन्मदेखि नारीहरूलाई प्राप्त छ। नारीहरूलाई सदैव कमजोर मानिन्छ अनि उनीहरूलाई घरमा खाना पकाउने तथा बाल-बच्चा, घर-परिवारको पालन पोषण गर्नेको रूपमा मात्र हेरिन्छ। उसलाई सन्तान जन्माउने एउटी अबला नारीको रूपमा हेरिन्छ, र धेरै ठाउँहरूमा नारीलाई शिक्षाको आवश्यक्ता छैन भन्ने गरेको पनि सुन्न पाइन्छ, जबकि जुन भगवानलाई समाजले पुज्ने गर्छ, त्यहाँ नारीको स्थान भिन्नैछ। माँ सरस्वती, जो विद्याकी देवी हुन्, उनी पनि एक नारी हुन् अनि त्यही समाज नारीलाई नै शिक्षाको योग्य सम्झिंदैन। माँ दुर्गा, जसले राक्षसहरूको वध गर्नका लागि जन्म लिइन्, उनी पनि एक नारी हुन्, अनि यो समाजले नारीलाई अबला सम्झन्छ। यो समाजले नारीहरूको निम्ति अबला, बिचरा जस्ता शब्दहरू कहाँबाट ल्याउँछ अथवा नारीलाई शिक्षाको योग्य सम्झँदैन, जबकि कुनै पुराण, कुनै वेदमा नारीको त्यो स्थिति छैन, जुन यो समाजले नारीको निम्ति निश्चित गरेको छ। यस्तोमा महिलाहरूले आफ्नो शक्तिलाई बुझ्ने अनि एक-अर्कासित एकजुट भएर उभिने अनि स्वयंलाई त्यो सम्मान दिलाउने आवश्यकता छ, जुन वास्तवमा नारीहरूको निम्ति बनेको छ। यसै सन्दर्भमा आउनुहोस्, अन्तर्राष्ट्रिय महिला दिवस मनाउनु पछाडिको कारण र उद्देश्यबारे बुझौं।

महिला दिवसको इतिहास

महिला दिवसलाई मनाउनुको पछाडि सन् १९०८ मा न्यूयोर्कमा भएको एउटा ऱ्यालीको महत्वपूर्ण योगदान छ। वास्तवमा, यस वर्ष न्यूयोर्कमा १२ देखि १५ हजार महिलाहरूले एउटा ऱ्यालीको आयोजन गरेका थिए। ऱ्याली गर्ने यी महिलाहरूको माग थियो कि उनीहरूको नोकरीको केही घण्टा कम्ती गरियोस्। साथै उनीहरूको वेतन पनि उनीहरूको कामअनुसार दियाजाओस्। यसका साथै यी महिलाहरूले के पनि माग गरेका थिए भने उनीहरूले पनि भोट दिने अधिकार पाउनुपर्छ। यस आन्दोलनको एक वर्षपछि अमेरिकाको सोशलिस्ट पार्टीले पहिलो नेशनल वीमेन डे-को घोषणा गरेको थियो।

पछि, सन् १९११ मा डेनमार्क, स्विट्जरल्याण्ड, अस्ट्रिया, जर्मनीमा पहिलो अन्तरराष्ट्रिय महिला दिवस पालन गरिएको थियो। यसपछि ८ मार्च, १९७५ मा संयुक्त राष्ट्रले महिला दिवसलाई आधिकारिक रूपमा मान्यता दियो। यसपछि प्रत्येक वर्ष यस दिनलाई एउटा विशेष विषयवस्तुका साथ मनाउन शुरु गरियो।

महिला दिवस मनाउनुको उद्देश्य

यस दिनलाई मनाउनुको मुख्य उद्देश्य समाजमा महिलाहरूलाई बराबरीको अधिकार दिलाउनु हो। साथै यसको उद्देश्य हरेक महिलालाई उसको हक-अधिकार दिलाउनु पनि हो। यति मात्र नभएर कुनै पनि क्षेत्रमा महिलाहरूप्रति हुने भेदभावलाई रोक्ने उद्देश्यले पनियस दिवसलाई मनाइन्छ। यस दिन महिलाहरूका अधिकारहरूतर्फ मानिसहरूको ध्यान आकर्षित गर्न अनि उनीहरूलाई जागरुक गर्ने उद्देश्यले विभिन्न कार्यक्रम अनि अभियानहरू पनि आयोजित गरिइन्छ।

अफगानिस्तान, चीन, कम्बोडिया, नेपाल अनि जार्जिया जस्ता विभिन्न देशहरूमा यस दिन अवकाश घोषित गरिएको छ, केही देशहरूमा पूरा दिनको अवकाश नदिएर हाफ डे दिइन्छ। त्यहीं, केही देशहरूमा यस दिन नानीहरूले आफ्नाआमालाई उपहार दिन्छन् अनि यो दिन आमालाई समर्पित हुन्छ भने त्यहीं केही देशहरूमा यस दिन पुरुषहरूले आफ्नो पत्नी, साथी, प्रेमिका, आमा, बहिनी आदिलाई उपहारस्वरूप फूल प्रदान गर्छन्।

भारतमा यस दिन धेरै संस्थानहरूद्वारा नारीलाई सम्मान दिएर प्रोत्साहित गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू गर्ने गरिइन्छ। चाहे हरेक देशमा यस दिनलाई मनाउने तरिका अलग भए तापनि सबै ठाउँमा यसको उद्देश्य एउटै छ अनि त्यो हो; हरेक ठाउँ, हरेक क्षेत्रमा महिलाहरूको निम्ति समानता हो।

# डीआइईटी बुर्तुकमा शिक्षा मन्त्रीद्वारा विद्या समीक्षा केन्द्रको उद्घाटन

गान्तोक।

शिक्षा विभागका मन्त्री श्री कुङ्गानिमा लेप्चाले गत ११ मार्चको दिन जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान (डीआइईटी), बुर्तुकमा विद्या समीक्षा केन्द्र (भीएसके) को उद्घाटन गर्नुभयो।

समग्र शिक्षा-शिक्षा विभागद्वारा आयोजित कार्यक्रममा शिक्षा विभागका अतिरिक्त मुख्य सचिव (एसीएस) श्री आर तेलाङ्ग, शिक्षा विभागका प्रमुख निर्देशक श्री सोनम डेन्जोङ्पा, छैटौं जिल्लाका प्रमुख शिक्षा अधिकारीहरू, एससीईआरटी, समग्राका अधिकारीहरू शिक्षा विभाग डीआइईटी-का कर्मचारीहरूको उपस्थित थियो। विद्या समीक्षा केन्द्र प्रत्येक राज्यमा स्थापना गरिने वन स्टप कन्ट्रोल र कमाण्ड सेन्टर हो। यसले विद्यार्थी भर्ना र उनीहरूको सिकाइस्तरमा प्रगति हुने, विद्यालय बाहिरका बालबालिकालाई मूलप्रवाहमा ल्याउने, पाठ्यपुस्तक वितरण गर्ने, शिक्षक र विद्यालयहरूलाई आवश्यक पर्ने थप सहयोग उपलब्ध गराउने, शैक्षिक र प्रशासनिक संरचनालाई सुदृढ पार्ने काम गर्न र उपयुक्त कक्षा सुनिश्चित गर्ने जस्ता धेरै कार्यहरू गर्दछ।

श्री केएन लेप्चाले आफ्नो सम्बोधनमा विद्या समीक्षा केन्द्रको महत्वपूर्ण उद्देश्यहरूबारे कुरा गर्नुभयो र भीएसके-ले विद्यालय शिक्षा प्रणालीलाई हर सम्भव पक्षमा मद्दत र सुधार गर्ने आशा व्यक्त गर्नुभयो। मन्त्रीले सिङ्गताम उच्चमाध्यामिक विद्यालयका कक्षा ८ का विद्यार्थीसँग भिडियो कन्फ्रेन्समार्फत अन्तरक्रिया गर्नुभयो। यसअघि शिक्षा विभागका एसीएस श्री आर तेलाङ्गले आफ्नो स्वागत सम्बोधनमा कामका बारेमा संक्षिप्त जानकारी दिनुभयो। उहाँले भन्नुभयो कि भीएसके-ले विद्यार्थीहरूको शैक्षिक प्रदर्शन सुधार्ने, विद्यालयमा शिक्षकहरूलाई सशक्त बनाउन र उपलब्ध स्रोतहरूको प्रभावकारी उपयोगलाई सक्षम बनाउने लक्ष्य राखेको जानकारी दिनुभयो।

# जिल्लास्तरीय एनजीओ कार्यशाला

सोरेङ।

पिरामल फाउन्डेसन र जिल्ला प्रशासनको संयुक्त प्रयासमा आयोजना गरिएको जिल्लास्तरीय गैरसरकारी संस्था कार्यशाला सामुदायिक विकासमा प्रतिबद्ध प्रभावशाली व्यक्तित्व र सरोकारवालाहरूको कार्यशाला गत ११ मार्चको दिन सम्पन्न भयो। कार्यशालामा श्री सन्नी खरेल (एससीएस), महकुपमा सोरेङ, पिरामल फाउन्डेसनका सदस्यहरू लगायत सुश्री लिताली दास र सुश्री अदिती भगत सम्मिलित सेन्टर अफ एक्सिलेन्स टोली, पिरामल फाउन्डेसनका वरिष्ठ कार्यक्रम प्रबन्धक जयन्थ बोराको उपस्थिति रहेको थियो। नीति आयोग र २० स्थानीय समाज र गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो। कार्यशालाले समावेशीता र आपसी सम्मानको वातावरणलाई बढावा दियो। एचएलएनजीओ प्रमुखहरूको परिचयपछि, पिरामल टोलीले फाउण्डेशनको दूरदर्शी लोकाचार र चलिरहेका पहलहरू राम्ररी व्याख्या गऱ्यो। यस ब्रीफिंगले एक व्यापक सिंहावलोकन मात्र प्रदान गरेको छैन तर सम्भावित समन्वय र सामूहिक कार्यका लागि अवसरहरूमा प्रवचनको लागि उत्प्रेरकको रूपमा पनि काम गर्यो। दिनभरिको कार्यक्रममा सहभागीहरू जिल्लास्तरका समस्याहरू पहिचान गर्ने, साझा लक्ष्यहरू, सहयोगी ढाँचाहरू खोज्ने र समुदाय-संचालित हस्तक्षेपहरूको प्रभावलाई विस्तार गर्ने उद्देश्यका साथ छलफलमा संलग्न थिए। यस कार्यशालाले ज्ञान आदानप्रदान, क्षमता निर्माण, र रणनीतिक पङ्क्तिबद्धताको लागि एक निर्णायक प्लेटफर्मको रूपमा सेवा गऱ्यो, जसले अन्ततः दिगो सामाजिक-आर्थिक रूपान्तरण तर्फ सामूहिक प्रयासलाई बढावा दिन्छ।

श्री सन्नी खरेल, महकुमा सोरेङको सम्मानजनक उपस्थितिमा कार्यक्रम फलदायी बन्यो, उहाँको संलग्नताले कार्यशालाको महत्वलाई अझ बढाएको छ। उहाँले लागुऔषध दुर्व्यसन, मदिरा दुर्व्यसन, टुटेको परिवार र आत्महत्या लगायतका समाजका सबैभन्दा ठूला समस्या मानसिक स्वास्थ्यसँग कसरी जोडिएका छन् र यसका लागि जिल्ला प्रशासन र पिरामल फाउन्डेसनले कसरी काम गर्न प्रतिबद्ध रहेको बताउनुभयो। साथै उहाँले महिनावारी सरसफाई व्यवस्थापन पनि चासोको विषय भएको भन्दै चुम्बोङ ब्लकका ४ वटै जीपीयूमा सेनेटरी प्याड भेन्डिङ मेसिन जडान गर्ने कार्य जारी रहेको र सोरेङका सबै जीपीयूमा पनि यस्तै गर्ने योजना रहेको बताउनुभयो। उहाँले एनजीओ/समाजलाई पिरामल टोलीको विशेषज्ञताको उपयोग गर्न प्रोत्साहित गर्नुभयो। त्यसपछि उहाँले सबै गैरसरकारी संस्था/समाज एकजुट भएर फोरम बनाउनु आवश्यक रहेको यी समस्याको समाधान गर्न जिल्ला प्रशासन प्रतिबद्ध रहेको बताउनुभयो।

१९ एनजीओहरू मिलेर एक जिल्लास्तरीय एनजीओ फोरम स्थापना गरिएको छ, अन्य कुनै पनि इच्छुक एनजीओ/समाजलाई सहभागी हुन प्रोत्साहन गरियो।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 300 Cps. 19. 01. 2024